नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(कृषि)०७६/७७
च.नं. : १०५६

मितिः २०७७।०२।२०

विषयः परिपत्र ।

श्री कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर।
श्री वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुर।
श्री प्लान्ट क्वारेण्टिन एवं विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर।
श्री कृषि विभाग, हरिहरभवन, ललितपुर।
श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर।
श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं।

संघीय संसद, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको च.नं. ३४८ मिति २०७७।१।३० को निर्णय सम्बन्धी पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

०७७।०२।२०

(विकास डंगोल)
शाखा अधिकृत

संघीय संसद
प्रतिनिधि सभा
राज्य व्यवस्था तथा सुशासन समिति
(प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग एवं शान्ति प्रकृया)

पत्र संख्या :- ०७६/७७
च.नं. :- ३४८

संसद् भवन, सिंहदरबार
काठमाडौं ।

मिति : २०७७।०१।३०

श्रीमान सचिवज्यू
कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः **निर्णय पठाइएको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस समितिको मिति २०७७।०१।२९ गते बसेको बैठकले देहाय बमोजिम निर्णय गरेकोले तहाँ मन्त्रालयसँग सम्बन्धित निर्णय आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा श्रीमान समक्ष सादर अनुरोध गर्दछु ।

" १. समितिले कोभिड–१९ का सम्बन्धमा यही २०७७ साल वैशाख ७ गते दिएका सुझावहरुको नेपाल सरकारले कडाइका साथ कार्यान्वयन गर्ने गराउने,

२. विदेशमा रोजगार गुमाई समस्यामा रहेका नेपाली कामदारहरु र नेपाल भारत सीमा क्षेत्रमा अलपत्र परेका नेपाली नागरिकहरुलाई विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार स्वास्थ्य परीक्षण गरी पोजिटिभ परिणाम नआएकाहरुलाई उच्च सतर्कताका साथ आवश्यक पूर्वाधार र न्यूनतम मापदण्ड पूरा गरी क्वारेन्टीनमा राख्ने र क्वारेन्टीनमा बसेको अवधिमा उचित खानपानको व्यवस्था गर्ने,

३. वैदेशिक रोजगारी गुमाई ठूलो संख्यामा स्वदेश फर्केका युवाहरू र फर्कन सक्ने सम्भावित परिस्थितिको आंकलन गरी गाउँमा कृषि उत्पादनको काम तथा साना कृषिजन्य उद्योगहरू खोल्न युवाहरुलाई प्रोत्साहित गर्नेका लागि आवश्यक योजना बनाउने,

४. नोवल कोरोना रोग रोकथाम तथा नियन्त्रणका लागि सरकारका नीति एवं कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमनको व्यवस्था मिलाउने,

५. विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार कोभिड–१९ को परीक्षणको दायरा व्यापक बनाउने,

# संघीय संसद

प्रतिनिधि सभा

## राज्य व्यवस्था तथा सुशासन समिति

(प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग एवं शान्ति प्रकृया)

पत्र संख्या :-

च.नं. :-

संसद् भवन, सिंहदरबार

काठमाडौं ।


६. आगामी आर्थिक वर्षको बजेटमा शिक्षा, स्वास्थ्य, कृषि र कृषिजन्य उद्योग र पर्यटन क्षेत्रमा उल्लेखनीय वृद्धि गर्ने,

७. कोभिड–१९ को प्रभाव र जोखिम विश्लेषण गरी सुरक्षित स्थानको पहिचान पश्चात् सुरक्षित निश्चित क्षेत्रहरु निर्धारण गरी स्थानीय रुपमा विश्वव्यापी मापदण्ड अनुसारको निश्चित दुरी कायम राख्दै आवातजावतलाई खुकुलो बनाएर दैनिक जनजीवनलाई सहज र व्यवस्थित गर्नुका साथै एकै प्रकृतिका जोखिम भएका स्थानहरुमा लक डाउनको नियममा एकरुपता कायम गर्ने,

८. दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्ने, बढी मूल्य लिने प्रवृत्तिलाई निरुत्साहित गर्न बजार अनुगमन प्रणालीलाई नियमित, चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै स्थानीय तहहरुको समन्वयमा स्थानीय स्तरमा उत्पादित दैनिक उपभोग्य सामाग्री (फलफूल, तरकारी, दुधजन्य पदार्थ आदि) खरिद गरी, बिक्रि वितरणको लागि आवश्यक व्यवस्था मिलाउने,

९. कृषकहरुलाई आवश्यक पर्ने वीउविजन, मल लगायत अत्यावश्यक कृषि सामाग्रीहरु सुपथ मूल्यमा सहज आपूर्ति र वितरणको व्यवस्था गर्ने,

१०. कारागारका कैदीबन्दीहरुलाई हुन सक्ने कोभिड–१९ को संक्रमणलाई मध्यनजर गरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा भएको कैद कट्टा सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउने ।"

०१।३०

(बबिता मिश्र)

उपसचिव